# तुलसीपुर उपमहानगरपालिका

तुलसीपुर, दाङ

# मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मिति : २०७९।१०।१८

प्रमाणित मिति : २०७९।१०।२९

तुलसीपुर उपमहानगरपालिका,

तुलसीपुर दाङ

मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०७९

टिकाराम खड्का
नगर प्रमुख
तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**प्रस्तावना**

तुलसीपुर उपमहानगरपालिका भित्र विभिन्न उद्धेश्यका साथ संचालन हुने व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक, शैक्षिक, कृषि आदि क्षेत्रको प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्वसलाई व्यवस्थित गराउदै मेला महोत्सवले बोकेका उद्धेश्यलाई मूर्तरुप दिने कार्यमा सहयोग पुर्‍याई दर्शक तथा श्रोता मैत्री ढंगवाट मेला महोत्सव संचालन, व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

परिच्छेद १

**प्रारम्भिक**

१- संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०७९ रहेको छ।

(ख) यो कार्यविधि तुलसीपुर उपमहानगरपालिका तुलसीपुरको नगर कार्यपालिकाको बैठकवाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ।

२- परिभाषा:-

(क) "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई जनाउने छ।

(ख) "कार्यपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगरकार्यपालिकालाई जनाउने छ।

(ग) "मेला महोत्सव" भन्नाले तुलसीपुर उपमहानगरपालिका भित्रका कुनै पनि सार्वजनिक स्थलमा ३ दिन भन्दा बढि अवधिसम्म गरिने व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक, शैक्षिक, कृषि लगायतका क्षेत्रका प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्वसलाई जनाउने छ।

(घ) "मुल आयोजक" भन्नाले मेला महोत्सव संचालन गर्न उपमहानगरपालिकावाट अनुमति प्राप्त संस्था वा कार्यालयलाई जनाउने छ।

(ङ) "विषयगत संस्था वा कार्यालय" भन्नाले विषयगत (धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक, शैक्षिक, कृषि आदी) क्षेत्रमा काम गर्ने उद्वेश्य बोकेको संस्था वा कार्यालयलाई जनाउने छ।

(च) "समिति" भन्नाले परिच्छेद २ को द्रफा ३ बमोजिम गठित मेला महोत्सव सञ्चालन अनुमति तथा नियमन समितिलाई जनाउनेछ।

परिच्छेद २

**मेला महोत्सव सञ्चालन अनुमति तथा नियमन समिति**

३- मेला महोत्सब सञ्चालन अनुमति तथा नियमन समितिको गठन :-

क. मेला महोत्सव सञ्चालन अनुमति तथा नियमन गर्न देहायबमोजिमको समिति गठन गरिनेछ।

अध्यक्ष : नगर प्रमुख

टिकाराम खड्का
नगर प्रमुख

उपाध्यक्ष : नगर उप प्रमुख

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : आर्थिक विकास समितिका संयोजक, तुलसीपुर उपमहानगरपालिका

सदस्य : तुलसीपुर उ.वा.संघ अध्यक्ष

सदस्य : प्रतिनिधि जिल्ला प्रशासन कार्यालय, दाङ

सदस्य : प्रतिनिधि जिल्ला प्रहरी कार्यालय, दाङ

सदस्य : मेला महोत्सव संचालन हुने वडाको वडा अध्यक्ष/प्रतिनिधि

सदस्य सचिव :प्रमुख प्रशासकीय अधिकृतले तोकेको उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको अधिकृत

ख- मेला महोत्सवको प्रकृति अनुसार सो सम्बन्धी विज्ञ वा विषयगत निकायका प्रमुखलाई समितिको बैठकमा अध्यक्षले आमन्त्रीत सदस्यका रुपमा आमन्त्रण गर्न सकिनेछ ।

४. मेला महोत्सव सञ्चालन अनुमति तथा नियमन समितिको काम कर्तव्य र अधिकार : यस समितिको काम कर्तव्य र अधिकार देहायबमोजिमका हुनेछन् :

(क) मेला महोत्सव संचालन गर्न अनुमति प्रदान गर्ने ।

(ख) सम्झौताका शर्त बमोजिम मेला महोत्सव व्यवस्थापन भए/नभएको अनुगमन गर्ने र शर्त बमोजिम नभएमा शर्तको पालना गर्न लगाउने, तोकिए बमोजिमको दण्ड सजाय गराउने ।

(ग) मेला महोत्सवको उद्देश्य अनुसारको कार्य गरे नगरेको अनुगमन गर्ने, मुल आयोजकलाई उद्देश्य अनुसारका कार्य गर्न लगाउने ।

(घ) आवश्यकता अनुसार मेला महोत्सवका लागि पेश भएको प्रस्तावलाई मूल्याङ्कन गर्न मूल्याङ्कन तथा अनुगमन टोली गठन गर्ने, वा कर्मचारी खटाई व्यवस्थापन एवं अनुगमनको कार्य गराउने ।

## परिच्छेद ३

## मेला महोत्सव संचालन अनुमति प्रदान विधिः

५. (क) मेला महोत्सव संचालन गर्न उपमहानगरपालिकाको अनुमति लिनु पर्ने ।

(ख) दफा ५ को उपदफा (क) अनुसार अनुमति लिन प्रत्येक आर्थिक वर्षमा तुलसीपुर उपमहानगरपालिकाभित्र मेला महोत्सव लगाउन चाहने संस्था वा कार्यालयले उपमहानगरपालिकामा भाद्र मसान्त भित्र अनुसूचि १ मा उल्लेख भए अनुसारका विवरण खुलाई निम्न कागजात सहित आवेदन पेश गर्नु पर्नेछ ।

क) संस्था दर्ताको प्रमाण पत्र ।

ख) मेला महोत्सव सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्य प्रष्ट उल्लेख भएको संस्थाको विधानको प्रतिलिपि ।

ग) जिल्ला प्रशासन कार्यालयको सहमति पत्र ।

घ) मेला महोत्सव संचालन हुने स्थानको स्वामित्व रहेको संस्था, निकाय वा व्यक्तीको लिखित सहमति ।

टिकाराम खड्का
नगर प्रमुख

टिकाराम खड्का

(ङ) नियमित लेखापरीक्षण भएको र कर चुक्ता गरेको प्रमाण पत्र।

(च) उपमहानगरपालिकामा कर बुझाएको रसिदको प्रतिलिपि।

६.(क)- प्रस्तावक संस्थाहरुवाट पेश भएका प्रस्तावहरुलाई परिच्छेद २ को दफा (३) बमोजिमको मेला सञ्चालन अनुमति तथा नियमन समितिद्वारा गठित मूल्याङ्कन समितिले तोकिएको मापदण्डका आधारमा मूल्याङ्कन गरी समिति समक्ष पेश गर्नेछ।

(ख)- मूल्याङ्कन समितिको सिफारिसका आधारमा मेला सञ्चालन अनुमति तथा नियमन समितिले कम्तीमा ३ आ.व.सम्म एउटा संस्था मूल आयोजकमा नदोहोरीने गरि तोके बमोजिमको शर्त राखी मेला महोत्सव सञ्चालनको अनुमति दिनेछ।

७- प्रत्येक आर्थिक वर्षमा एक क्षेत्रगत विषयमा १ भन्दा बढि मेला महोत्सव संचालन गर्न उपमहानगरपालिकाले अनुमति दिने छैन। तर नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहको वार्षिक कार्यक्रम अनुसार गरिने सरकारी निकाय मूल आयोजक हुनेमा यो नियम लागु हुने छैन।

८- भाद्र मसान्त अगावै कुनै मेला महोत्सव लगाउनु पर्ने भएमा मेला महोत्सव संचालनका लागि प्रस्तावित दिन भन्दा ३५ दिन अगावै उपमहानगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ।

९- चालु आ.व.मा यो कार्यविधि लागु भएपछि १५ दिनका समय दिई एक पटकका लागि प्रस्ताव पेश गर्न अवसर दिइनेछ। प्राप्त भएका प्रस्तावहरुको अध्ययन गरी बढिमा १ वटा मेला महोत्सव संचालन गर्न उपमहानगरपालिकाले अनुमति दिन सक्नेछ। उपहानगरपालिकावाट चालू आ.व.मा मेला संचालन गर्न अनुमति लिइ सकेका संस्थाले समेत यसै कार्यविधि बमोजिम गर्नुपर्नेछ।

१०- मेला महोत्सव संचालन गर्ने स्थान मूल आयोजकले प्रस्ताव गर्न सक्नेछ। पेश भएको स्थानका बारेमा उपमहानगरपालिकाले संभाव्यता अध्ययन गरेपश्चात समितिले तोके बमोजिमको स्थान नै मेला महोत्सव सञ्चालन गर्ने स्थल हुनेछ।

११- मूल आयोजकले धरौटी राख्नु पुर्ने :-

(क) मेला महोत्सवको उद्धेश्य कोषवृद्धि वा आय आर्जन समेत भएमा प्रस्तावमा उल्लिखित अपेक्षित रकमको कम्तिमा ५ प्रतिशत रकम उपमहानगरपालिकामा अनुमति पूर्व धरौटी राख्नु पर्नेछ र सो धरौटी रकम मेला महोत्सवको समाप्ती संगै उद्धेश्य अनुसारको कार्य गर्न थालनी भए पछि उपमहानगरपालिकाले धरौटी फिर्ता दिनेछ।

(ख) दफा ११ को उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि मेला महोत्सव संचालन अनुमति प्रदान गर्दा उपमहानगरपालिकाले तोकेका मेला महोत्सव व्यवस्थापनका शर्तहरु पालना नगरेमा उपमहानगरपालिकाले धरौटी जफत गर्न सक्नेछ। तर लक्ष्य अनुसारको आर्थिक संकलन गरी उद्धेश्य अनुसारका काम सम्पन्न गर्ने मूल आयोजकलाई उपमहानगरपालिकाले थप प्रोत्साहन एवं सहकार्य वापत रकम उपलब्ध समेत गराउन सक्नेछ।

१२- व्यवसाय कर तथा मनोरंजन कर :- (क) मेला महोत्सवमा रहने व्यवसायिक स्टलहरुले व्यवसायको किसिम बमोजिम अनुसूचि २ मा उल्लेख भए अनुसारको मेला अवधि भरको व्यवसायकर वा मनोरंजन कर स्टल बुकिङ संगै मूल आयोजक मार्फत उपमहानगरपालिकालाई बुझाउनु पर्नेछ।

(ख) गैर व्यवसायिक सन्देशमूलक स्टलहरुका हकमा उपमहानगरपालिकाले छुट दिन सक्नेछ।

टिकाराम खड्का
नगर प्रमुख

परिच्छेद ४

१३. मूल आयोजकले पालन गर्नुपर्ने शर्तहरु : मुल आयोजक समितिले देहायबमोजिमका शर्तहरु पालना गर्नुपर्नेछ :

क- दर्शक तथा सम्पत्ति विमा :-मेला महोत्सव प्रस्तावकको प्रस्ताव स्वीकृत भए पश्चात अनुमति पुर्व मूल आयोजक संस्थाले मेला महोत्सव भित्र जाने सम्पूर्ण दर्शक तथा सम्पत्तिको अनिवार्य बिमा गर्नु पर्नेछ ।

ख- खानेपानी तथा फोहर मैला व्यवस्थापन:- मूल आयोजकले कार्यक्रम स्थलमा खानेपानी र फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध गर्नुपर्ने साथै आवश्यकता अनुसारका महिला पुरुषका लागि छुट्टा छुट्टै शौचालय अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

ग- मेला महोत्सव स्थलमा दैनिक अनिवार्य सरसफाईको प्रवन्ध गर्नुपर्ने तथा धुलो रहित बनाउन समय समयमा पानी अनिवार्य छर्कनु पर्नेछ ।

घ- मेला महोत्सव स्थलमा होटल रेष्टुरेन्टको फोहर पानीको उचित व्यवस्थापन गर्नु पर्नेछ जथाभावि बगाउन पाइने छैन ।

ङ- मेला महोत्सव समाप्ती पश्चात सामग्री उठाउनपूर्व मेला /महोत्सव स्थलको पूर्ण रुपमा सरसफाई गर्नु पर्नेछ । स्टल निर्माण र शौचालय एवं फोहर व्यस्थापनका लागि खनिएका खाल्डाहरु पुरि सम्याउनु पर्नेछ । मेला महोत्सवको सम्पूर्ण सामाग्री मेला महोत्सव समाप्ती पश्चात ७ दिन भित्र उठाई सक्नु पर्नेछ भने मेला महोत्सव तयारीका क्रममा समेत सोको तयारीका लागि १० दिन अगाडी सामाग्री खसाल्ने एवं स्टल तयारीको कार्य गर्न पाइनेछ ।

च- ध्वनि व्यवस्थापन :- मेला महोत्सव स्थल भन्दा वाहिर ध्वनि जाने गरि माइक (हरन) लगाउन पाइने छैन । मेला महोत्सव भित्र मात्र सुन्न सकिने गरि स्पीकर साउण्डको प्रयोग गर्नु पर्नेछ ।

छ. प्राथमिक उपचारको:- मेला महोत्सव स्थल भित्र प्राथमिक उपचारको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ ।

ज- जुवा, तास लगाएत कानून बमोजिम निषेधित कुनै पनि कार्य गर्न गराउन पाईने छैन ।

झ- मदिरा तथा धुम्रपान निषेध:- मेला महोत्सव स्थल भित्र मदिरा सेवन तथा धुम्रपान गर्न गराउन पाइने छैन।

ञ- राष्ट्रियता तथा स्थानीय सामाजिक सदभाव र धर्म, जाती एवं सांस्कृतिमा आँच आउने कुनै पनि क्रियाकलाप गर्न गराउन पाईने छैन ।

ट- स्थानीयतालाई प्राथमिकता:- मेला महोत्सवमा गरिने हरेक गतिविधिमा स्थानियतालाई प्राथमिकता दिनु पर्नेछ ।

ठ- अनुमति बिना काम गर्न नहुने :- मेला महोत्सव सञ्चालन अनुमति तथा नियमन समिति द्वारा स्वीकृत प्रस्ताव बमोजिमका स्टल, कार्यक्रम, मनोरंजन स्टल बाहेकका अन्य कार्य गर्न गराउन पाइने छैन । कुनै कारणवस प्रस्तावमा उल्लेख भएको बाहेक फरक काम गर्नु पर्ने अवस्थामा समितिको पूर्व स्वीकृती लिनु पर्नेछ ।

१४- स्टल बकिङमा स्थानीय आरक्षण व्यवस्था :-

(क) मेला महोत्सवमा राखिने स्टलमा स्थानीयतालाई प्राथमिकता दिन निम्नानुसारको कोटा बमोजिम स्टलहरु बितरण गर्नु पर्नेछ ।

(अ) सूचना एवं सन्देशमूलक प्रर्दशनिका लागि न्यूनतम् १० प्रतिशत ।

टिकाराम खड्का
नगर प्रमुख

(आ) स्थानीय उत्पादनका लागि न्यूनतम २० प्रतिशत ।

(इ) तुलसीपुर उपमहानगरपालिका भित्रका व्यवसायीका लागि न्यूनतम् ३० प्रतिशत ।

(ई) नयाँ प्रविधि प्रर्दशन एवं विक्रिको लागि न्यूनतम २० प्रतिशत ।

(उ) सबै व्यवसायीका लागि खुल्ला २० प्रतिशत ।

(ख) स्टलहरु मध्ये दफा १४ क: (अ) र (आ) मा उल्लिखित स्टलमा न्यूनतम् २० प्रतिशत र खण्ड (ई) मा उल्लेखित स्टलका लागि न्यूनतम् १० प्रतिशत तोकिएको भाडामा छुट दिने गरी बुकिङ गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) दफा १४ बमोजिम स्टल वितरणका लागि कम्तीमा १ हप्ताको स्टल बुकिङ खुल्ला गरे पश्चात बाँकी रहेका स्टलमा जुनसुकै व्यवसायीहरु आएर व्यवसाय गर्न पाउने गरी मूल आयोजकले सूचना आव्हान गर्नुपर्नेछ ।

१५- मेला महोत्सवलाई व्यापारिक स्थलका रुपमा मात्र नहेरी स्थानीय उत्पादन प्रर्वद्धन तथा आधुनिक प्रविधि भित्र्याउने थलोका रुपमा अगाडी बढाउन विभिन्न स्थानीय परिवेश सुहाउँदा अन्तरक्रियात्मक कार्यक्रमहरु गर्नु पर्ने छ ।

१६- आम्दानी खर्च सार्वजनिक गर्नु पर्ने :- मेला महोत्सव सम्पन्न भएको १ महिना भित्र मेला महोत्सवमा भएको आम्दानी खर्चको विवरण सहितको प्रतिवेदन उपमहानगरपालिकामा बुझाउनुका साथै पत्रकार सम्मेलन गरी आम्दानी खर्च विवरण अनिवार्य रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

१७ मेला महोत्सव व्यस्थापन समिति वा तोकिएको कर्मचारीले महोत्सवका हरेक गतिविधिको अनुगमन गर्न सक्नेछ । अनुगमनका क्रममा सम्झौता बमोजिम आयोजकले पालना गर्नु पर्ने शर्त बमोजिमको काम नगरेमा वा कुनै कमि कमजोरी देखिएमा सो को सुधारका लागि अनुगमन टोलीले दिएको सुझाव अनिवार्य पालना गर्नु पर्नेछ ।

## परिच्छेद ५

## विविध

१८- मूल आयोजक बन्न सक्ने आवेदकहरु :- देहायका संघ संस्थाले मूल आयोजक बन्न आवेदन दिन सक्नेछन् ।

क) कृषि, सांस्कृतिक, पर्यटन, उद्योग र व्यापार मेलाका लागि : विषयगत व्यवसायीहरुको छाता संगठनहरु तथा सम्बन्धित अन्य संघ संस्थाहरु ।

ख) धार्मिक महोत्सवका लागि :- धार्मिक तथा सामाजिक संघ संस्थाहरु ।

ग) शैक्षिक, सांस्कृतिक, खेलकुद तथा अन्य विषयगत मेला महोत्सवका लागि : विषयग्रत संघ संस्था तथा प्रवर्द्धकहरु ।

१९- प्रस्तावक संस्थाहरुको विधानमा सम्बन्धित विषयमा मेला महोत्सव संचालन गर्ने वा प्रर्वद्धन गर्ने उद्देश्य प्रस्टरुपमा उल्लेख भएको हुनुपर्नेछ ।

२०- भिन्ना भिन्नै विषयगत संस्थाहरुले संयुक्त रुपमा आयोजक बनि आ आफ्ना उद्धेश्य अनुसारका मेला महोत्सव संयुक्त रुपमा संचालन गर्न पाउनेछन् ।

२१- उपमहानगरपालिकासंग गरिएको शर्त पुरा नगर्नेलाई ५ वर्ष सम्म मेला महोत्सव संचालन गर्न उपमहानगरपालिकाले रोक लगाउने छ । मेला महोत्सवको रकम दुरुपयोग गर्ने उपर उपमहानगर नगरकार्यपालिकाले तोके बमोजिमको जरिवाना गरिनेछ ।

२२- टिकट दर निर्धारण:-

(क) मेला महोत्सव स्थलमा प्रवेश गरेवापत प्रवेश शुल्क (टिकट) लिने व्यवस्था भएमा मूल आयोजकले प्रस्तावमा जेष्ठ नागरिक, अपांग र विद्यार्थीका लागि सहुलियत सहित प्रवेश शुल्क दर प्रस्ताव गर्नेछ । आयोजकबाट पेश भएको प्रवेश शुल्क दरलाई मेलामा हुने गतिविधिका आधारमा समितिले तोके बमोजिम हुनेछ ।

(ख) मेला महोत्सवमा राखिने विभिन्न मनोरंजन तथा खेलकुद कार्यक्रममा लाग्ने प्रवेश शुल्कको अधिकतम दर निम्नानुसार मनोरञ्जन समय सिमाका आधारमा हुनेछ ।

अ- ५ मिनेट भन्दा कम समय मनोरंजन हुनेमा अधिक्तम रु २०।-

आ- १५ मिनेट सम्म मनोरंजन हुनेमा अधिक्तम रु ३०।-

इ- ३० मिनेट सम्म मनोरंजन हुनेमा अधिक्तम रु ५० ।-

ई- ३० मिनेट भन्दा बढी समयको मनोरंजन हुनेमा अधिक्तम रु १००।-

(ग) प्रवेश शुल्क दर र मनोरंजन स्टल प्रवेश दर मेला महोत्सव व्यवस्थापन समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।

२३- मेला महोत्सवको अवधि:-

(क) धार्मिक र खेलकूद मेला महोत्सव बाहेक अन्य प्रकृतिका व्यवसायिक स्टलहरु राखि गरिने मेला महोत्सवको अनुमति अधिकतम् १० दिन सम्मको हुने छ । तर मेलामा दर्शकको चाप तथा आयोजकले मेला अवधि थप गर्नु पर्ने उपयूक्त कारण सहित सुरक्षा निकायको सहमति सहित निवेदन दिएमा समितिले म्याद थपको कारण मनासिव देखेमा तीन दिन सम्म म्याद थपको अनुमति दिन सक्नेछ ।

(ख) धार्मिक मेला महोत्सवका हकमा विहान ५:०० देखि साझ ९:३० वजे सम्म र अन्य व्यवसायिक स्टल तथा मनोरंजनात्मक एवं सांगितिक कार्यक्रम हुने मेलाको हकमा विहान ११:०० वजे देखि सांझ ६ वजे सम्म हिंउदमा र अन्य समयमा सांझ ७:३० वजे सम्म मेला महोत्सव संचालन गर्न पाइनेछ ।

२४- धार्मिक, खेलकूद र व्यवसायिक स्टल नराखी गरिने मेला महोत्सवको अवधिका हकमा प्रस्तावकले पेश गरेको प्रस्तावका आधारमा सो को औचित्यता हेरी व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ ।

२५- प्रचलित कानून वमोजिम हुने :- यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि बमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२६- बाधा अड्काउ फुकाउ :- यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा उपमहानगर नगरकार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

२७- संशोधन तथा खारेजी :- यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा उपमहानगर नगरकार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

टिकाराम छुक्का
नगर प्रमुख

टिकाराम खड्का
नगर प्रमुख

अनुसूचि १

## आवेदक संस्थाले प्रस्तावमा खुलाउनु पर्ने न्यूनतम् विषयहरु

१, आवेदक संस्थाको परिचयः-

नाम, दर्ता, नविकरण, उद्धेश्य, पूर्व अनुभव, हाल सम्म गरेको उल्लेख्य काम ।

२, मेला महोत्सवका विषयमाः-

मेला महोत्सवको नाम, स्थान, समय, अवधि, उद्धेश्य, उद्धेश्य पूरा गर्ने रणनीति, मेला महोत्सवमा गरिने गतिविधिहरुको विवरण ।

३, मेला महोत्सवको आर्थिक पक्षः-

मेला महोत्सव संचालन गर्न आवश्यक रकम, उपलब्धताको श्रोत, कार्यक्रम पश्चात आर्थिक लाभ हुने नहुने, हुने भएमा सो रकम र बचत रकमको उपयोग क्षेत्र , टिकट दर , टिकटमा विशेष छुट नीति ।

४, मेला महोत्सवको व्यवस्थापन पक्षः-

(क) व्यवसायिक स्टल रहने / नरहने, सन्देश मुलक एवं क्षेत्रगत प्रर्वद्धनमुलक स्टल के के रहने ? व्यवसायिक स्टलहरु के कति रहने, स्टल वितरण प्रकृया के कस्तो रहने ?

(ख) दर्शक मैत्रि नीति (सरसफाई, शौचालय, खानेपानी, प्राथमिक उपचार, टिकटमा छुट आदी) के के छन्?

(ग) स्टलहरु रहने भएमा वितरण नीति ।

५) मेला महोत्सवका आर्कषणका विषयहरु के के हुने ?

६) मेला महोत्सव सञ्चालन पछि देखिने उपलब्धी ।

टिकाराम खड्का
नगर प्रमुख

टिकाराम खड्का
नगर प्रमुख

<u>अनुसूचि २</u>

१- मेला महोत्सव भित्र व्यवसाय गर्ने व्यवसायीहरुको पटके व्यवसाय तथा मनोरञ्जन कर (मेला अवधिभर)

क) व्यवसायिक फर्महरुको स्टलमा प्रति स्टल सम्बन्धित क्षेत्रकालागि तोकिएको व्यवसायको करको दरलाई आधार मानी सो को २५ प्रतिशत।

ख) ५ नं. प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेख भए अनुसारको दरमा प्रति स्टलको मनोरंजन कर।

टिकाराम खड्का
नगर प्रमुख